# कमलामाई नगरपालिका

## युवा लक्षित कार्यक्रम कार्यन्वयन कार्यविधि २०७७

कमलामाई नगरपालिका

सिन्धुलीमाढी

बागमती प्रदेश,नेपाल

# युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७

**पृष्ठभूमि**

देशको कूल गार्हस्थ उत्पादनको एक तिहाई भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाई भन्दा बढी जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको स्पष्ट छ । नेपालमा प्रत्येक बर्ष लाखौको संख्यामा उत्पादनशिल युवाहरु वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन् । यसै सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने र कृषि क्षेत्रको व्यावसायिकरणबाट आय आर्जन बढाउने उद्देश्यले युवालक्षित कार्यक्रम अन्तर्गत विशेष पशु उत्पादन डेरी), बाख्रा पालन, वंगुरपालन,माछा पालन मासुका लागी पाडा पालन, स्थानिय कुखुरा, हाँस तथा बट्टाइ पालन कार्यक्रम संचालन गर्न यस नगरपालिकाले युवा लक्षित कार्यक्रम सञ्चालन गरेको हुँदा सो कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न **"कमलामाई नगरपालिका** स्थानिय सरकार संचालन एन २०७४ को दफा १०२(२) **अन्तर्गत सञ्चालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविध्रि२०७७"**तयार गरिएको छ ।

## परिच्छेद–१

### प्रारम्भिक

१ .<u>संक्षिप्त नाम र प्रारम्भः</u>

(क( यो कार्यविधिको नाम **"कमलामाई नगरपालिका अन्तर्गत सञ्चालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७"** रहेको छ ।

(ख( यो कार्यविधि कमलामाई नगरपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२) **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "नगरपालिका" भन्नाले कमलामाई नगरपालिका सम्झनु पर्दछ ।

ख) "कार्यालय" भन्नाले कमलामाई नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग) "कृषि समिति" भन्नाले कमलामाई नगरपालिकाको कृषि समिति सम्झनु पर्दछ ।

घ) "शाखा" भन्नाले कमलामाई नगरपालिका पशु विकास शाखा सम्झनु पर्दछ ।

ङ) "निजि फार्म" भन्नाले एकल वा साझेदारी स्वामित्वमा रहि यस शाखामा दर्ता भएको फर्म सम्झनु पर्दछ।

च) **"युवा"** भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ४० बर्ष सम्मका नेपाली नागरिक भन्ने बुझ्नुपर्छ ।

छ) **"स्कीम/परियोजना"** भन्नाले पशु उत्पादन व्यावसायिक)गाई भैंसी पालन, व्यवसायिक बंगुर पालन, बाख्रा पालन, माछा पालन, स्थानिय कुखुरा पालन, पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम संचालनको लागि तयार गरिएको प्रस्ताव बुझ्नुपर्छ ।

ज) **"पशु विकास कार्यदल"** भन्नाले कमलामाई नगरपालिकामा पशु विकास सम्बन्धि कार्यक्रमहरुको पहिचान गरी तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनका लागि तोकिए बमोजिमका पदाधिकारी रहने गरी गठन भएको कार्यदललाई जनाउछ ।

३ .**उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरु देहाय वमोजिम रहेका छन्ः

(क) गाईपालन, भैंसीपालन, बाख्रापालन, बंगुरपालन, माछा पालन, स्थानिय कुखुरा/हाँस/बट्टाइ पालन तथा पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धी व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने

(ख) स्वदेशमा स्वरोजगारका अवसरहरु श्रृजना गरी रोजगारीको लागि विदेशिने क्रम न्यूनीकरण गर्न सहयोग पुयाउने ।

(ग) युवाहरुको आय आर्जनमा टेवा पुयाई कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुरयाउने ।

## परिच्छेद– २:

# कार्यक्रम संचालन प्रकृया :

### १. व्यावसायिक गाई/भैंसी पालन फार्मकोसुदृढीकरणका लागी

युवा लक्षित विशेष पशु उत्पादन व्यावसायिक गाई)भैंसी पालन कार्यक्रम संचालन प्रकृया देहाय बमोजिम हुनेछ।

क **स्कीम अवधिः** यो कमलामाई नगरपालिकाले निर्णय गरेबमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

ख **स्कीमका लागि स्थान छनौटका आधारहरु** व्यवसायिक गाईभैंसी पालनका लागी संभाव्य भएका वडाका कृत्रिम गर्भाधान र पशु आहारा विकास अभियान कार्यक्रम लागु भएका तथा लागु गर्न संभाव्यताको आधारमा कमलामाई नगरपालिका कृषि समितिले वडा, फर्म समुह, सहकारी प्राथमिकिकरण गरी उक्त वडा/फर्म समुह सहकारी को छनौट तथा कार्यक्रम सञ्चालन गर्ने छ । निवेदन दिने फार्महरु कमलामाई नगरपालिका पशु विकास शाखा वा सम्बन्धित अन्य निकायमा अनिवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ ।

**ग( व्यावसायिक गाई भैंसी फार्मको बर्गिकरण**

फार्मलाई ३ वर्गमा विभाजन गरिने छ ।

१ **साना व्यावसायिक गाई भैंसी फार्म** : यस कार्यक्रमको लागी ५ –१० वटा उन्नत गाई वा भैंसीपालन गरी दूध उत्पादन व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

२ **मझौलास्तरका व्यावसायिक गाई भैंसी फार्मः** ११ देखि २० वटासम्म उन्नत दुधालु गाई वा भैंसीपालन गरी दूध उत्पादन व्यवसाय शुरु गरिरहेका फार्मलाई मानिने छ ।

३ **ठुला व्यावसायिक फार्मः** उन्नत दुधालु गाई वा भैंसी २० भन्दा माथि पालन गरि दुग्ध उत्पादन वा प्रशोधन गरी व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

**घ कार्यक्रमका लागि उपलब्ध गराईने सहयोग**

१ **साना व्यावसायिक फार्म** : उन्नत गाई वा भैसी खरीद , गोठ सुधार, जैविक सुक्षा दानापानी तथा घाँस खेति विस्तार लगाएतका कार्यक्रम संचालन गर्न प्रति फार्म/समुह/सहकारीलाइ बढिमा रु . ३,०००००-/ (तिन

लाख) वा कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसारम्म नगद वा सामाग्रीहरु उपलब्ध गराइने छ ।

(२( **मझौला स्तरका व्यावसायिक गाई भैंसी फार्मको सुदृढीकरणका लागी** तपशिलमा उल्लेखित क्रियाकलापहरु कार्यान्वयन गर्न प्रति फार्म ५,०००००/० ( पाँच लाख) वा कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसारम्म नगद वा सामाग्रीहरु उपलब्ध गराइनेछ ।

**कृयाकलापहरु**

फर्म सुदृढीकरणसंग सम्बन्धित कार्यहरु:

- गोठ निमार्ण सुधार तथा फार्म सुरक्षा (वार बन्देज), जैविक सुरक्षा, आदी ।
- उन्नत तथा क्रस जातका गाई/भैसी खरीद
- पशु प्रजनन्, आहारा तथा अन्य व्यवस्थापकीय कार्य कृत्रिम गर्भाधान उपकरण), ग्राइन्डर, च्याफकटर, काउम्याट, मिल्क क्यान, व्हील ब्यारोआदी ।

३ **ठूला व्यावसायिक गाई भैंसी पालन फा र्मरुलाई यान्त्रीकरणको** लागि उन्नत गाई वा भैसी खरीद , गोठ सुधार, जैविक सुक्षा दानापानी तथा घाँस खेति विस्तार तथा फार्म यान्त्रिकरणसँग सम्बन्धित कृयाकलापका लागि आवस्यक मेसिनरी औजारहरु :( मिल्किङ्ग मेशिन ,मिल्किङ्ग पार्लर, फोडररफोरेज ब्लक मेशिन , मिल्क क्यान, साईलो पिट, डिप वेल, डिप बोरिङ्ग, पाश्चुराईजरमिल्क एनालाईजर फ्रिजर ,चिलिङ्ग भ्याट आदी) ।

मेशिनरी औजार खरिद गर्न प्रति फार्म वढीमा रु.१०,००,०००-/( दश लाख अनुदान उपलब्ध गराईने छ ।

ङ) **प्रस्ताव आव्हान**: व्यक्तिगत रुपमा यूवा कृषकले वा साझेदारीमा उन्नत गाई भैंसी फार्महरु साना वा मझौलास्तर फार्म सुदृढीकरण वा ठुला व्यवसायिक फार्ममा यान्त्रिकरणका लागि कमलामाई नगरपालिकाको निर्णय बमोजिम प्रकाशित सूचना अनुसार प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची –१ बमोजिम कमलामाई नगरपालिका पशु विकास शाखा ले प्रकाशन गर्नेछ। आवेदन एवँ उपलब्ध गराउनु पर्ने कागजातहरु अनुसूची २ बमोजिम र कार्ययोजना अनुसूची ३ बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

च) **प्रस्ताव मूल्यांकन :**

प्राप्त प्रस्तावहरुको स्थलगत निरिक्षण तथा अनुसूचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि कमलामाई नगरपालिका कृषि समितिको निर्णय बमोजिम हुनेछ ।

छ) **प्रस्तावहरुको स्वीकृती**

१) मूल्यांकन समितिले अनुसूची –५ बमोजिमको ढाँचामा मूल्यांकन गरी छनौट भएका प्रस्तावहरु स्वीकृति/अनुमोदनका लागि पशु विकास, कृषि समितिमा पेश गर्नु पर्नेछ।

२) स्वीकृती/अनुमोदनका लागि पशु विकास शाखामा, कृषि समितिमा पेश भएका प्रस्तावहरुको सम्बन्धमा कुनै दुविधा भएमा कमलामाई नगरपलिका कृषि समितिको निर्णय अन्तिम हुनेछ ।

३) पशु विकास शाखा/ कृषि समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची–४ क) अनुसार हुनेछ ।

## परिच्छेद– ३

## युवा लक्षित व्यावसायिक बाखा प्रर्वद्धन कार्यक्रम

**५) <u>युवा लक्षित बाखा प्रवर्द्धन कार्यक्रम संचालन प्रकृया:</u>**

क) **कार्यक्रम संचालन हुने स्थानहरु** : कमलामाई नगरपालिका पशु विकास शाखा वाट संचालन गरिने कार्यक्रमको लागि कमलामाई नगरपालिका कृषि समितिबाट वडा तथा फार्म,समुह,समिति,सहकारी हरुको छनौट गरिनेछ । पशु विकास शाखाले कमलामाई नगरपालिका बाट स्वीकृत कार्यविधि अनुसार कार्यक्रम स्वीकृत तथा संचालन गर्न सक्नेछन् ।

ख) **कार्यक्रम संचालन अवधि** यो कार्यक्रम कमलामाई नगरपालिकाले निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

ग) **व्यावसायिक बाखा फार्मको वर्गीकरण:** यस कार्यक्रम अन्तर्गत व्यावसायिक बाखा फार्महरुलाई निम्नानुसार वर्गिकरण गरिने छ ।

(१) **निजी व्यावसायिक बाखापालन फार्म:** यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम् २०-३० वटा प्रजनन् योग्य माउ बाखापालन गरिरहेका वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने फार्महरुलाई निजी व्यावसायिक बाखा फार्म मानिने छ ।

(२) **समुह वा समितिमा संचालन हुने व्यावसायिक बाखापालन फार्महरु** : कृषक समुह /समितिमा कम्तिमा ५ जना सदस्य भएको र प्रत्येक कृषक सदस्यसँग औसतमा १० वटा प्रजनन् योग्य माउ बाखा भएको वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने समूह/समिति अन्तर्गतका फार्महरुलाई व्यावसायिक मानिनेछ।

(३) **सहकारीमा संचालन हुने व्यावसायिक बाखा पालन फार्महरु** कम्तिमा २५ जना सदस्यहरुले बाखापालन गरिरहेको वा सो संख्याका कृषकहरुले बाखापालन व्यवसाय शुरु गर्ने र प्रति सदस्य कम्तिमा औषत १० माउ बाखा (सहकारीमा कम्तिमा २५० गोटा माउ बाखा)भएको फार्महरुलाई व्यावसायिक मानिने छ।

घ) **कार्यक्रमबाट उपलब्ध गराइने अुनदान रकम**

(१) निजी व्यावसायिक फार्म स्थापना वा सुदृढिकरणका लागि बढीमा रु .३,००,००० (तिन लाख)

(२) समुह/समितिमा व्यावसायिक बाखापालन फार्महरु स्थापना वा सुदृढिकरणका लागि बढीमा रु ५,००,००० (पाँच लाख)

(३) सहकारीमा व्यावसायिक बाखापालन फार्महरु स्थापना वा सुदृढिकरणका लागि बढीमा रु .७,००,००० (सात लाख)

नोट : प्रस्तावकले कम्तिमा अनुदान रकम बराबरको लगानी गर्नु पर्ने छ ।

ङ) **अनुदान रकमको उपयोग**

यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाखाको खोर निर्माण/सुधार, जैविक सुरक्षा, डिपिङ ट्याकं, घाँस विकास तथा नर्सरी स्थापना, प्रजनन् बोका खरिद र कृ.ग. ब्यबस्थापन तथा कृ.ग.को लागी आवस्यक सामाग्री खरीद गर्न सक्नेछन।यो रकमबाट, औषधि, खनिज पदार्थ लगायतका खपत हुने सामग्रीहरु खरिद गर्न भने पाइने छैन ।

**च) कार्यक्रम संचालन प्रकृया**

**१) प्रस्ताव आव्हानः** निजी फार्म/समुह/समिति/सहकारीमा आवद्ध कृषकहरुवाट सहकार्यमा व्यावसायिक बाख्रा फार्म स्थापना वा सुदृढिकरणका लागि कमलामाई नगरपालिका पशु विकास शाखाबाट नगरको सूचना पाटी तथा वडा कार्यालयहरुमा सूचना टास गरीने तथा विभिन्न एफ.एम. रेडियो मार्फत सूचना प्रसारण गरीनेछ । प्रस्ताव आव्हानको सूचना अनुसूची १ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसूची २ र ३ बमोजिम हुने छ ।

**झ) प्रस्ताव मूल्यांकनः**

प्राप्त प्रस्तावहरुको छानविनको लागी स्थलगत निरिक्षण तथा अनुसूचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसार हुनेछ ।

## परिच्छेद–४

## युवा लक्षित व्यावसायिक बंगुर प्रर्वर्द्धन कार्यक्रम

<u>६:यूवा लक्षित बंगुर पालन कार्यक्रम संञ्चालन प्रकूरया .</u>

**क) स्कीम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ।**

१. **कार्यक्रम संचालन हुने स्थानहरुः**प्राथमिकताको आधारमा छनौट गरिने ।

२. **कार्यक्रम संचालन अवधिः** यो कार्यक्रम कमलामाई नगरपालिकाले निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

३. **लक्षित वर्गः** ग्रामिण युवा, रोड कोरिडोर लक्षित र वैदेशिक रोजगारबाट फर्किएका विशेषत सम्बन्धीत काममा दक्षता हासिल गरेका युवाहरुलाई मानव संसाधनको रुपमा रहेका १८ देखि ४० वर्ष उमेर समुहका व्यवसायीहरु, साथै सवै सामाजिक समुहका कृषकहरुलाई प्राथमिकता अनुसार समाबेश गराईनेछ।

**ख) व्यावसायिक बंगुरपालन फार्ममा आवश्यक बंगुर संख्याः**

यस कार्यक्रमको प्रयोजनको लागि खोर निर्माण कार्य पूरा गरी बंगुरपालन शुरु गर्न तयारी अबस्थामा रहेको वा पाठापाठी उत्पादनका लागी कम्तिमा १०-१५ माउ बंगर पालन गरीएकव वा मासु उत्पादनका लागी २०-३० गोटा बंगुर पालन गरी व्यावसाय संचालन गरेको फार्म हुनु पर्दछ ।

**ग) कार्यक्रमबाट उपलब्ध गराइने रकम**

बंगुरपालन फार्म सुदृढिकरणको फर्मको वर्गिकरण अनुसार वा कृषि समितिको निर्णय अनुसार बढिमा रु.३,००,००० (तिन लाख मात्र) उपलब्ध गराइने छ ।

**घ) रकमको उपयोग**

१( यस कार्यक्रमबाट उपलब्ध गराईने रकमले बंगुरपालन फर्मले बंगुरको प्रजनन योग्य उमेरका निर्देशित बंगुरहरु खरिद गर्न सक्नेछन् । यो रकमबाट बंगुरको भाले खरिद , खोर निर्माण सुधार , ग्रेण्डर मिक्सचर, बायो ग्यास स्थापना तथा खर्च भएर नजाने उपकरण सामाग्री आदिमा खर्च गर्न पाइने छ ।

**ङ : प्रस्ताव आव्हान** :

कमलामाई नगरपालिका पशु विकास शाखाको वार्षिक कार्यक्रम अनुसार निजी वा साझेदारी व्यावसायिक बंगुर फार्महरुबाट अनुसूची–१ अनुसार प्रस्ताव आह्वान गरिनेछ । ईच्छुक यूवाहरुले निवेदनको साथमा अनुसूचि – ३ (ग) बमोजिमको कार्ययोजना सहित प्रस्तावमा संलग्न हुनु पर्ने कागजात अनुसूची–२ अनुसार पेश गर्नुपर्नेछ ।

**च) प्रस्ताव मूल्यांकन** :

शाखामा पर्न आएको प्रस्तावहरु माथि स्थलगत निरिक्षण तथा अनुसूचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसार हुनेछ ।

**छ) मूल्यांकनका आधारहरुः**

(१) मूल्यांकनका आधारहरु अनुसूचि–५मा उल्लेख भए अनुसार हुनेछन् ।

(२) अनुदान प्रदान गर्न सकिने फार्महरुको तोकिएको एकमुष्ठ संख्याबाट पशु/कृषि विकास फार्म दर्ता कार्यविधि , २०७७ मा बर्गीकरण गरिएका फार्मको प्रकार अनुसार साना , मझौला र ठूला फार्महरु प्रत्येकको लागि अनुदान प्रदान गर्न सकिने संख्या नगरको आवश्यकता अनुसार कृषि समितिले तोक्न सक्नेछ ।

## परिच्छेद–५

## यूवा लक्षित पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम संचालन कार्यबिधि २०७७

### ७. पशुपंक्षि बजार प्रबर्द्धन युवा लक्षित कार्यक्रम संचालन प्रकृया

क( निजी फार्म, समुह, समिति, सहकारीमा आवद्ध कृषकहरुवाट सहकार्यमा व्यावसायिक बाखा फार्म स्थापना वा सुदृढिकरणका लागि कमलामाई नगरपालिका पशु विकास शाखाबाट नगरको सूचना पाटी तथा वडा कार्यालयहरुमा सूचना टास गरीने तथा विभिन्न एफ.एम. रेडियो मार्फत सूचना प्रसारण गरीनेछ । प्रस्ताव आव्हानको सूचना अनुसूची १ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसूची २ र ३ बमोजिम हुने छ ।

क( कमलामाई नगरपालिका पशु विकास शाखा ले स्विकृत बार्षिक कार्यक्रम अनुसार नगरको सूचना पाटी तथा वडा कार्यालयहरुमा सूचना टाँस गरीने तथा विभिन्न एफ.एम. रेडियो मार्फत सूचना प्रसारण गरी तपसिल बमोजिमको क्रियाकलाप सञ्चालनको लागि प्रस्ताव माग गर्नेछ ।

१. चिस्यान केन्द्र स्थापना तथा सञ्चालन

२. डेरी पसल निर्माण/सुधार

३. मासु पसल निर्माण/सुधार

४. छाला संकलन

५. स्थानीय स्तरमा जुत्ता तथा छालाका सामाग्रीहरु उत्पादन

७. विविध पशुजनय उत्पादनहरुको बजारीकरण सम्बन्धि कार्यक्रमहरु

ख) सूचना प्रकाशन भए पश्चात ईच्छुक बेरोजगार यूवाहरुले अनुसुची २ अनुसारको निवेदन अनुसुचि ३ ) बमोजिम कमलामाई नगरपालिका पशु विकास शाखामा गर्नु पर्नेछ ।

ग) प्रस्ताव पेश गर्दा अनुसुचि २ अनुसारका कागजातहरु अनिवार्य रुपमा समावेश हुनु पर्नेछ ।

घ) स्विकृत बार्षिक कार्यक्रम बजेटमा उल्लेखित लक्षको आधारमा सार्वजानिक निजी साझेदारीमा अनुदान बितरण गरिनेछ ।

ङ) प्राप्तहुन आएका प्रस्तावहरु अनुसुचि ५ को आधारमा छनौट र स्विकृत गरिनेछ ।

च) प्रस्ताव स्विकृत भए पश्चात प्रस्तावक संग अनुसुचि ४ अनुसार द्विपक्षिय सम्झौता गरिनेछ ।

छ) कार्य प्रगति र सम्बन्धित कार्यालयको प्राविधिक प्रतिवेदन सन्तोषजनक ठहरेमा अनुदान रकम १ वा २ किस्तामा उपलब्ध गराईनेछ । पहिलो ५० प्रतिसत रकम सुरु मा र बाँकीको ५० प्रतिसत रकम कार्य सम्पन्न भए पछी सम्झौता मुताविकका सम्पूर्ण काम सम्पन्न भैसके पश्चात आवश्यक कागजात र बिल भर्पाईको आधारमा एकमुष्ट भुक्तानि दिईनेछ ।

**ज) छनौट बिधि**

क) अनुसूचि ५ (घ) अनुसार हुनेछ।

ख) अन्य कुरा कमलामाई नगरपालिका/ कमलामाई नगरपालिका कृषि समितिको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद ६

### ८. व्यावसायिक मासुका लागी पाडा पालन फार्मकोसुदृढीकरणका लागी

युवा लक्षित विशेष मासुका लागी पाडा पालन कार्यक्रम संचालन प्रकृया देहाय बमोजिम हुनेछ।

क) **स्कीम अवधि:** यो कमलामाई नगरपालिकाले निर्णय गरेबमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

ख) **स्कीमका लागि स्थान छनौटका आधारहरु** मासुका लागी पाडा पालन कार्यक्रमका लागी संभाव्यताको आधारमा कमलामाई नगरपालिका कृषि समितिले वडा/फर्म समुह सहकारी प्राथमिकिकरण गरी उक्त वडा/फर्म समुह सहकारी को छनौट तथा कार्यक्रम सञ्चालन गर्ने छ । निवेदन दिने फार्महरु कमलामाई नगरपालिका पशु विकास शाखा वा सम्बन्धित अन्य निकायमा अनिवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ ।

**ग) व्यावसायिक मासुका लागी पाडा पालन फार्मको बर्गिकरण**

फार्मलाई ३ वर्गमा विभाजन गरिने छ ।

१ **साना व्यावसायिक मासुका लागी पाडा पालन फार्म:** यस कार्यक्रमको लागी ५ –१० वटा पाडा पालन गरी व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

२ **मझौलास्तरका व्यावसायिक मासुका लागी पाडा पालन** : ११ देखि २० वटासम्म पाडा पालन गरी व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

**३ ठुला व्यावसायिक फार्म** २० भन्दा माथि पाडा पालन गरी व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

**घ) कार्यक्रमका लागि उपलब्ध गराईने सहयोग**

१ **साना व्यावसायिक फार्म :** पाडा खरीद, गोठ सुधार, जैविक सुक्षा दानापानी तथा घाँस खेति विस्तार लगाएतका कार्यक्रम संचालन गर्न प्रति फार्म, समुह, सहकारीलाइ बढिमा रु . १,००००० -/ (एक लाख) वा कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसारम्म नगद वा सामाग्रीहरु उपलब्ध गराइने छ ।

**(२( मझौला स्तरका व्यावसायिक मासुका लागी पाडा पालनका लागी**

- पाडा खरीद, गोठ सुधार, जैविक सुरक्षा दानापानी तथा घाँस खेति विस्तार, ग्राइन्डर, च्याफकटर, काउम्याट, व्हील ब्यारो आदि खरीद लगाएतका कार्यक्रम संचालन गर्न प्रति फार्म,समुह,सहकारीलाइ बढिमा रु . २,००००० -/ (दुइ लाख) वा कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसारम्म नगद वा सामाग्रीहरु उपलब्ध गराइने छ ।

**३ ठूला व्यावसायिक मासुका लागी पाडा पालनका लागी**

- उन्नत गाई वा भैसी खरीद , गोठ सुधार, जैविक सुक्षा दानापानी तथा घाँस खेति विस्तार तथा तपशिलमा उल्लेखित मेशिनरी औजार खरिद गर्न प्रति फार्म वढीमा रु .३०,००,०००-/( तिन लाख) अनुदान उपलब्ध गराइनेछ वा कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसारम्म नगद वा सामाग्रीहरु उपलब्ध गराइने छ ।

ङ) **प्रस्ताव आव्हान:** व्यक्तिगत रुपमा यूवा कृषकले वा साझेदारीमा मासुका लागी पाडा पालन फार्महरु साना वा मझौलास्तर फार्म सुदृढीकरण वा ठुला व्यवसायिक फार्म का लागी गरीने गतिविधिमा कमलामाई नगरपालिकाको निर्णय बमोजिम प्रकाशित सूचना अनुसार प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची –१ बमोजिम कमलामाई नगरपालिका पशु विकास शाखा ले प्रकाशन गर्नेछ। आवेदन एवँ उपलब्ध गराउनु पर्ने कागजातहरु अनुसूची २ बमोजिम र कार्ययोजना अनुसूची ३ बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

**च) प्रस्ताव मूल्यांकन :**

प्राप्त प्रस्तावहरुको स्थलगत निरिक्षण तथा अनुसूचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि कमलामाई नगरपालिका कृषि समितिको निर्णय बमोजिम हुनेछ ।

**छ) प्रस्तावहरुको स्वीकृती**

१) मूल्यांकन समितिले अनुसूची –५ बमोजिमको ढाँचामा मूल्यांकन गरी छनौट भएका प्रस्तावहरु स्वीकृति/अनुमोदनका लागि पशु विकास / कृषि समितिमा पेश गर्नु पर्नेछ।

२) स्वीकृती/अनुमोदनका लागि पशु विकास शाखामा पेश भएका प्रस्तावहरुको सम्बन्धमा कुनै दुविधा भए पशु विकास शाखाले कृषि समितिको राय तथा सुझाव लिन सक्ने छ ।

३) पशु विकास शाखा/ कृषि समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची–४ क) अनुसार हुनेछ ।

## ९. स्थानीय कुखुरा,हाँस,बट्टाइ,टर्कि पालन कार्यक्रम संचालन प्रकृया

युवा लक्षित विशेष स्थानिय कुखुरा,हाँस,बट्टाइ,टर्कि पालन कार्यक्रम संचालन प्रकृया देहाय बमोजिम हुनेछ।

**क) स्कीम अवधि:**

यो कमलामाई नगरपालिकाले निर्णय गरेबमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

**ख) स्कीमका लागि स्थान छनौटका आधारहरु**

स्थानिय कुखुरा,हाँस,बट्टाइ,टर्कि पालन कार्यक्रमका लागी संभाव्यताको आधारमा कमलामाई नगरपालिका कृषि समितिले वडा,फर्म, समुह, सहकारी प्राथमिकीकरण गरी उक्त वडा,फर्म समुह सहकारी को छनौट तथा कार्यक्रम सञ्चालन गर्ने छ । निवेदन दिने फार्महरु कमलामाई नगरपालिका पशु विकास शाखा वा सम्बन्धित अन्य निकायमा अनिवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ ।

**ग) स्थानीय कुखुरा,हाँस,बट्टाइ,टर्कि फार्मको बर्गिकरण**

फार्मलाई ३ वर्गमा विभाजन गरिने छ ।

१ **साना व्यावसायिक स्थानीय कुखुरा,हाँस,बट्टाइ,टर्कि पालन फार्म**: यस कार्यक्रमको लागी १००–२०० वटा स्थानिय जातको कुखुरा,हाँस,बट्टाइ,टर्कि पालन गरी व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

२ **मझौलास्तरका व्यावसायिक स्थानीय कुखुरा,हाँस,बट्टाइ,टर्कि पालन फार्म** : यस कार्यक्रमको लागी २००–१००० वटा स्थानिय जातको कुखुरा,हाँस,बट्टाइ,टर्कि पालन गरी व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ

३ **ठुला व्यावसायिक स्थानीय कुखुरा,हाँस,बट्टाइ,टर्कि फार्म** : १००० भन्दा माथि स्थानिय जातको कुखुरा/हाँस/बट्टाइ/टर्कि पालन गरी व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

**घ कार्यक्रमका लागि उपलब्ध गराईने सहयोग**

**१) साना व्यावसायिक फार्म** : कुखुरा,हाँस,बट्टाइ,टर्कि खरीद, खोर सुधार, जैविक सुक्षा दानापानी लगाएतका कार्यक्रम संचालन गर्न प्रति फार्म, समुह, सहकारीलाइ बढिमा रु . ५०,०००-/ (पचास हजार) वा कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसारम्म नगद वा सामाग्रीहरु उपलब्ध गराइने छ ।

**२) मझौला स्तरका व्यावसायिक स्थानिय कुखुरा,हाँस,बट्टाइ,टर्कि पालनका लागी**

- कुखुरा,हाँस,बट्टाइ,टर्कि खरीद, खोर निर्माण/ सुधार, जैविक सुरक्षा दानापानी भाडा व्यवस्थापन तथा व्हील ब्यारो आदि खरीद लगाएतका कार्यक्रम संचालन गर्न प्रति फार्म/समुह/सहकारीलाइ बढिमा रु . १,०००००-/ (दएक लाख) वा कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसारम्म नगद वा सामाग्रीहरु उपलब्ध गराइने छ ।

**३) ठूला व्यावसायिक स्थानिय कुखुरा,हाँस,बट्टाइ,टर्कि पालनका लागी**

- स्थानिय जातका कुखुरा,हाँस,बट्टाइ,टर्कि खरीद, गोठ सुधार, जैविक सुक्षा दानापानी तथा दानापानीको भाडा व्यवस्थापन मेशिनरी औजार खरिद गर्न प्रति फार्म वढीमा रु.२,००,०००-/( दुइ लाख) अनुदान उपलब्ध गराईने छ । वा कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसारम्म नगद वा सामाग्रीहरु उपलब्ध गराइने छ ।

**ङ) प्रस्ताव आव्हान**: व्यक्तिगत रुपमा यूवा कृषकले वा साझेदारीमा स्थानीय जातका कुखुरा,हाँस,बट्टाइ,टर्कि पालन फार्महरु साना वा मझौलास्तर फार्म सुदृढीकरण वा ठुला व्यवसायिक फार्म का लागी गरीने गतिविधिमा कमलामाई नगरपालिकाको निर्णय बमोजिम प्रकाशित सूचना अनुसार प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची–१ बमोजिम कमलामाई नगरपालिका पशु विकास शाखा ले प्रकाशन गर्नेछ। आवेदन एवँ उपलब्ध गराउनु पर्ने कागजातहरु अनुसूची २ बमोजिम र कार्ययोजना अनुसूची ३ बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

**च) प्रस्ताव मूल्यांकन :**

प्राप्त प्रस्तावहरुको स्थलगत निरिक्षण तथा अनुसूचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि कमलामाई नगरपालिका कृषि समितिको निर्णय बमोजिम हुनेछ ।

**छ) प्रस्तावहरुको स्वीकृती**

१) मूल्यांकन समितिले अनुसूची – ५ बमोजिमको ढाँचामा मंल्यांकन गरी छनौट भएका प्रस्तावहरु स्वीकृति एवंम अनुमोदनका लागि कृषि समितिमा पेश गर्नु पर्नेछ।

२) स्वीकृती/अनुमोदनका लागि पशु विकास शाखामा पेश भएका प्रस्तावहरुको सम्बन्धमा कुनै दुविधा भए पशु विकास शाखाले कृषि समितिको राय तथा सुझाव लिन सक्ने छ ।

३) पशु विकास शाखामा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई कृषि समितिमा अनुदान प्रदान गर्नका लागि अनुसूची–४ क) अनुसार हुनेछ ।

**१०) माछा पालन कार्यक्रम संचालन प्रकृया:**

युवा लक्षित विशेष माछा पालन कार्यक्रम संचालन प्रकृया देहाय बमोजिम हुनेछ।

**क) स्कीम अवधि:**

यो कमलामाई नगरपालिका वा कृषि समितिले निर्णय गरेबमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

**ख) स्कीमका लागि स्थान छनौटका आधारहरु**

माछा पालन कार्यक्रमका लागी संभाव्यताको आधारमा कमलामाई नगरपालिका कृषि समितिले वडा/फर्म समुह सहकारी प्राथमिकिकरण गरी उक्त वडा/फर्म समुह सहकारी को छनौट तथा कार्यक्रम सञ्चालन गर्ने छ । निवेदन दिने फार्महरु कमलामाई नगरपालिका पशु विकास शाखा वा सम्बन्धित अन्य निकायमा अनिवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ ।

**ग) माछा पालन फार्मको बर्गिकरण**

फार्मलाई ३ वर्गमा विभाजन गरिने छ ।

१) **साना व्यावसायिक माछा पालन फार्म:** यस कार्यक्रमको लागी कम्तिमा ३ देखी १० कट्ठा जमिनमा पोखरी बनाइ माछा पालन गरी व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

२) **मझौलास्तरका व्यावसायिक माछा पालन फार्म** : यस कार्यक्रमको लागी कम्तिमा ११ देखी ३० कट्ठा जमिनमा पोखरी बनाइ माछा पालन गरी व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

३) **ठुला व्यावसायिक माछा पालन फार्म:** ३१ कट्ठा भन्दा बढि जमिनमा पोखरी बनाइ माछा पालन गरी व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

**घ) कार्यक्रमका लागि उपलब्ध गराईने सहयोग**

**१) साना व्यावसायिक माछा फार्म :** माछाको भुरा खरीद, पोखरी मर्मत तथा निर्माण, जैविक सुक्षा दानापानी लगाएतका कार्यक्रम संचालन गर्न प्रति फार्म,समुह,सहकारीलाइ बढिमा रु . १००,०००-/ (एक लाख) वा कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसारम्म नगद वा सामाग्रीहरु उपलब्ध गराइने छ ।

**२) मझौला स्तरका व्यावसायिक माछा पालनका लागी**

- माछाको भुरा खरीद, पोखरी मर्मत तथा निर्माण, जैविक सुक्षा दानापानी, दानापानी भाडा व्यवस्थापन तथा व्हील ब्यारो आदि खरीद लगाएतका कार्यक्रम संचालन गर्न प्रति फार्म/समुह/सहकारीलाइ बढिमा नगद/चेक रु . २,०००००-/ (दुइ लाख) वा कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसारम्म नगद वा सामाग्रीहरु उपलब्ध गराइने छ ।

**३ ) ठूला व्यावसायिक माछा पालनका लागी**

- माछाको भुरा खरीद, पोखरी मर्मत तथा निर्माण, जैविक सुक्षा दानापानी, दानापानी भाडा व्यवस्थापन मेशिनरी औजार लगाएत अन्य उपकरण खरिद गर्न प्रति फार्म वढीमा नगद/चेक रु.५,००,०००-/(पाच लाख) अनुदान उपलब्ध गराईने छ वा कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसारम्म नगद वा सामाग्रीहरु उपलब्ध गराइने छ ।

**ङ) प्रस्ताव आव्हान:** व्यक्तिगत रुपमा यूवा कृषकले वा साझेदारीमा माछा पालन फार्महरु साना वा मझौलास्तर फार्म सुदृढीकरण वा ठुला व्यवसायिक फार्म का लागी गरीने गतिविधिमा कमलामाई नगरपालिकाको निर्णय बमोजिम प्रकाशित सूचना अनुसार प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची -१ बमोजिम कमलामाई नगरपालिका पशु विकास शाखाले प्रकाशन गर्नेछ। आवेदन एवँ उपलब्ध गराउनु पर्ने कागजातहरु अनुसूची २ बमोजिम र कार्ययोजना अनुसूची ३ बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

**च) प्रस्ताव मूल्यांकन :**

प्राप्त प्रस्तावहरुको स्थलगत निरिक्षण तथा अनुसूचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि कमलामाई नगरपालिका कृषि समितिको निर्णय बमोजिम हुनेछ ।

**छ) प्रस्तावहरुको स्वीकृती**

१) मूल्यांकन समितिले अनुसूची -५ बमोजिमको ढाँचामा मूल्यांकन गरी छनौट भएका प्रस्तावहरु स्वीकृति,अनुमोदनका लागि कृषि समितिमा पेश गर्नु पर्नेछ।

२) स्वीकृती,अनुमोदनका लागि कृषि समितिमा पेश भएका प्रस्तावहरुको सम्बन्धमा कुनै दुविधा भए कृषि समिति को निर्णय अनुसार हुनेछ ।

३) पशु विकास शाखा/ कृषि समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची-४ क) अनुसार हुनेछ ।

## विविध

**<u>८. अनुगमन तथा मुल्याकंन</u>**: कमलामाई नगरपालिका/कृषि समिति/पशु विकास शाखा तथा वडा कार्यालयहरुबाट नियमित अनुगमन गरिनेछ र सो को लिखित प्रतिवेदन समेत पेश गरिनेछ ।सम्बन्धित युवा उद्यमीले अनुसूची –६ बमोजिम चौमासिक तथा वार्षिक प्रगति विवरण तयार गरी पेश गर्नु पर्नेछ ।

**<u>९. कार्वाहीको व्यवस्था</u>**: प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा कमलामाई नगरपालिकाको प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कारवाही गरीसरकारी रकम असुल उपर गरिनेछ ।

**<u>१०. प्रचलित कानुन लागु हुने</u>** युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि तथा कमलामाई नगरपालिकाको निर्णय बमोजिम कार्यान्वयन हुनेछ ।

**<u>११. विमा</u>**: हरेक युवा लक्षित स्किम अन्तर्गत पशुहरुको अनिवार्य रुपमा पशु बीमा गराउनु पर्नेछ ।

**<u>१२. कार्यविधिमा उल्लेखित रकम भन्दा कम अनुदान दिनु परेमा :</u>** उल्लेखित कृषक,फर्म,समुह,सहकारीलाइ उपलब्ध गराउने अनुदान कमलामाई नगरपालिका कृषि समितिको निर्णय अनुसार उपलब्ध गराउन सकिन्छ ।

**<u>१३. कार्यविधि संशोधन तथा परिमार्जन</u>**: कमलामाई नगरकार्यपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवँ संशोधन गर्न सक्नेछ ।

**अनुसूची – १**

**पशु उत्पादन /(गाई भैंसी पालन)बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा**

**.........................कार्यालय**

**युवालक्षित कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति............:**

यस कार्यालयको आ/.....२० .व...../...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई पशु उत्पादन गाई भैंसी) / (पालनबंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रव (र्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक १८ देखि ५० वर्ष उमेरमा अर्धबेरोजगार /बेरोजगार युवाहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरीएको छ । प्रस्तावक यूवा वा साझेदारी फार्महरुले सरकारी निकायवाट विगत २ आर्थिक वर्ष सम्ममा नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका फार्महरु छनौट प्रकृयामा समावेस हुने छैनन् । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पुनश्च :आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा सुचित गरिन्छ ।

**तपसिल**

१. अनुसूची २ अनुसारको आवेदन फाराम
२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाण पत्रहरु तालिम), शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदिको प्रतिलिपी (

**अनुसूची – २**

**पशु उत्पादन / (गाई भैंसी पालन)बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र**

श्रीमान् कार्यालय प्रमुखज्यू,
जिल्ला पशु सेवा कार्यालय,
.....................

**विषय : युवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने बारे ।**

महोदय,
मलाई उक्त अनुदान सहयोग प्राप्त गरी कार्य गर्न तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी............. निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु ।

पुनश्च:तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपसिल**

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. फर्म/समुह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी वा व्यक्तिगत कृषक
४. अन्य प्रमाणित प्रमाण पत्रहरु तालिम), शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि को प्रतिलिपीहरु (
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोर्टको प्रतिलिपि
६. परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव
७. पर्यावरणीय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धि विवरण
८. समुह/समिति/सहकारीका सदस्यहरुको परियोजना पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता
९. प्रस्ताव पेश गर्दा प्यान नं. अवस्यक नपर्ने व्यावसाय/फर्म सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्रले हुनेछ तर कार्यक्रममा छनौट भएपछि सम्झौतामा अनिवार्य प्यान नं. पेश गर्नु पर्नेछ ।

**निवेदकको**
नाम:
दस्तखत :
संस्था/व्यक्ति:
ठेगाना :

## अनुसूची – ३ (क)

**पशु उत्पादन / (गाई भैंसी पालन)बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना**

**युवा लक्षित विशेष पशु उत्पादनकार्यक्रम (व्यावसायिक गाई भैंसी पालन)**

यूवा/साझेदारी व्यावसायिक फार्मको नाम :सम्पर्क नम्बर:

ठेगाना:गाउं/टोल :वडा नं:.                गा.स.वि. :

जिल्ला:

गाईभैंसी पालन गरिने स्थान :

**<u>यूवा/साझेदारी व्यावसायिक गाई भैंसी पालन संचालन गरिने कार्य विवरण</u>ः**

| क्रसं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग )रु(. | निजी लगानी)रु(. | जम्मा लगानी )रु(. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

यूवा/साझेदारी व्यावसायिक विशेष पशु उत्पादन व्यावसायिक कार्य गर्ने व्यावसायीले न्यूनतम अनुदान रकम बराबरको रकम प्रस्तावित योजनामा समावेस गर्नु पर्ने छ ।

गाई भैंसी पालन गरेको भए, विगत कति वर्षदेखि गाई भैंसीपालन निरन्तर गरिरहेको ?

वर्ष.........महिना..........

गाई/भैंसीको जात:

गाई/भैंसीको संख्या:                              राँगा साँढेको संख्या:

गाईभैंसी पालन पद्धति:

अपेक्षित वार्षिक प्रतिफल :

**यूवा/साझेदारी व्यावसायी फार्मको सञ्चालकको तर्फबाट सहि गर्नेको:**

नाम:                                    :संस्थाको छाप

पद :

दस्तखत:                                 : मिति

## अनुसूची – ३ (ख)

### पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रवर्द्धन/बाख्रा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना

### व्यावसायिक बाख्रा फार्म प्रवर्द्धन कार्यक्रम

१:व्यावसायको परिचय .

२: उद्देश्यहरु .

३बाख्रापालन व्यवस .ायमा अनुभव:

४:व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरण .

५: व्यावसाय संचालनका लागि रहेका पूर्वाधारहरु .

६:सहकार्यमा संचालन गरिने प्रस्तावित कार्य विवरण.

| क.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | निजी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |

नोट : सहकार्यमा बाख्रापालन गर्ने फर्म/समुह/समिति/सहकारीले न्यूनतम अनुदान रकम वरावरको रकम प्रस्तावित योजनामा समावेस गर्नु पर्ने छ ।

७उत्पादित वस्तुको बजार योजना .

८अपेक्षित वार्षिक प्रतिफल .

प्रस्ताव पेश गर्ने

फर्म/समुह/समिति/सहकारीको नाम :सम्पर्क नम्वर:

ठेगाना: गाउं/टोलवडा नंगाजिल्ला.स.वि.

बाख्रा पालन गरिने स्थान

फर्म/समुह/समिति/सहकारीको तर्फ बाट सहि गर्नेको

नाम:संस्थाको छापः

पद:

दस्तखत : मिति :

**अनुसूची- ३ (ग)**

## पशु उत्पादन / (गाई भैंसी पालन)बंगुर प्रवर्द्धन/बाख्रा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना

## युवा लक्षित व्यावसायिक बंगुरपालन कार्यक्रम

फार्मरसाझेदारी फार्म नाम : सम्पर्क नम्वरः

ठेगानाः गाउं/टोलः वडा नं. : .स.वि.गा : जिल्लाः

बंगुरपालन गरिने स्थान :

सहकार्यमा संचालन गरिने कार्य विवरणः

| क्र.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | निजी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| जम्मा | | | | |

नोट : सहकार्यमा बंगुरपालन गर्ने व्यावसायिरसाझेदारी फार्म न्यूनतम अनुदान रकम वरावरको रकम प्रस्तावित योजनामा समावेस गर्नु पर्ने छ ।

बंगुरपालन गरेको भए विगत कति वर्ष देखि बंगुरपालन निरन्तर गरि रहेको हो ? वर्ष .......महिना.........

बंगुरका जातहरुः

बंगुरको संख्याः माउको संख्याः पाठापाठीको संख्याः प्रजनन भालेको संख्याः

अन्य बंगुरको संख्याः

बंगुरपालन सुरु गर्ने भए पालन गरिने जातः

बंगुरको संख्याः प्रजनन भालेको संख्याः मासुको लागि पालन गर्ने भएमा संख्याः

खोरको अबस्था कपरम्परागत ( सुधारिएको (ख आधुनिक (ग

व्यवसायको लागि श्रमको व्यवस्थापन : क पारिवारिक ( खदुवै (वाहिरवाट ग (

उत्पादित वस्तुको बजार :

अपेक्षित वार्षिक प्रतिफल :

निजी फार्मरसाझेदारी फार्मको तर्फवाट सहि गर्नेको

नाम :

पद :

दस्तखत : : मिति संस्थाको छापः

**अनुसूची – ३ (घ)**

## पशु उत्पादन / (गाई भैंसी पालन)बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना

## युवा लक्षित पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम

| | | | |
|---|---|---|---|
| १ | प्रस्तावकको नाम र ठेगाना, टेलिफोन नं. | | |
| २ | प्रस्तावकको फर्म भए दर्ता नम्बर | | |
| ३ | दर्ता भएको कार्यालय र मिति | | |
| ४ | भ्याट / पान दर्ता नम्बर प | | |
| ५ | शैक्षिक योग्यता | | |
| ५.१ | तालिमको किसिम र अवधि | | |
| ६ | बिदेशमा काम गरेर फर्केको भए काम गरेको देश | | |
| ७ | बिदेश बसेको अवधि | | |
| ८ | पासपोर्ट नम्बर | | |
| ९ | हाल पेश गरेको प्रस्तावको नाम | | |
| ११ | प्रस्ताव कार्यन्वयन हुने स्थलको ठेगाना | | |
| | उद्देष्यहरु | | |
| | | | |
| | | | |
| १३ | प्रस्तावित कार्यक्रमबाट हासिल हुने प्रमुख ५ उपलब्धिहरु | | |
| | | | |
| १४ | प्रस्तावित योजना कार्यन्वयन गर्ने स्थानमा बिद्यमान भौतिक पूर्वाधारहरु | | |
| | सडक छ÷छैन | नजिकको बजारको नाम | |
| | कच्चि/पक्कि | दुरी | |
| | बिजुली छ/छैन | सदरमुकाम देखिको दुरी | |
| | पानीको ब्यवस्था | | |
| | प्रत्यक्ष लाभान्वित संख्या | | |
| | लक्षित समुदाय तथा परिवार संख्या | | |
| | सम्पन्न गर्ने कार्यक्रमहरुको बुंदागत बिवरणहरु | | |
| | कुल अनुमानित कार्यक्रम बजेट | | |
| | प्रस्तावकले थप गर्ने बजेट | | |
| | योजना समाप्ति पश्चात हासिल हुने ५ उपलब्धिहरु बुंदागत रुपमा सम्भव भए परिमाण खुलाउने | | |
| | क्रसं. | उपलब्धिहरु | |
| | १ | | |

| | | | |
|---|---|---|---|
| | २ | | |

माथि उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु , कहिं कतै झुठो ठहरिएमा कानुन बमोजिम सजाय भोग्न तयार समेत रहेको ब्यहोरा अवगत गरांउछु/छौं ।

| | |
|---|---|
| प्रस्तावक को नाम र हस्ताक्षर | ठेगाना |
| संस्था/पद | मिति |

## अनुसूची –४ (क)

## पशु उत्पादन /(गाई भैंसी पालन)बंगुर प्रवर्द्धनबाख्रा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन

## संचालनको लागि गरिने सम्झौतापत्र

पशु सेवा विभाग /पशु उत्पादन निर्देशनलय पशुपंक्षी बजार प्रव र्द्धन निर्देशनालयद्धारा पशु सेवा कार्यालय , ...................... मार्फत संचालन गरिने चालु आ को ............. .व. स्वीकृत लक्षित कार्यक्रम .................. संचालन गर्न जिल्ला पशु सेवा कार्यालय, (यस भन्दा पछाडी पहिलो पक्ष भनिने(, विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री/सुश्री/श्रीमती यस भन्दा पछाडी दोश्रो पक्ष) ............................................... भनिने बीच ( /तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौतासहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा /कार्यविधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको व्यवसाय सञ्चालन गर्नेछ । ...............................

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछन् ।

४. गाई भैंसी/बंगुर/बाख्रापालन गर्ने व्यवसायी कृषकहरुले पशु विमा अनिवार्य गर्नुपर्ने छ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| **पहिलो पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| जि को तर्फबाट सहि गर्नेको.का.से.प. | युवा उद्यमी वा संस्थाको तर्फवाट सहि गर्नेको |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| सम्पर्क फोन नं:. | सम्पर्क फोन नं:. |
| कार्यालयको छाप : | संस्थाको छाप : |

औठाको छाप :

दायाँ: बायाँ:

## अनुसूची – ४ (ख)

पशुपंक्षी बजार प्रबद्र्धन निर्देशनालय/क्षेत्रिय पशु सेवा निर्देशनालय/जिल्ला पशु सेवा कार्यालयको आ .व.... को ........ को राष्ट्रिय स्तरको पत्रिका ............... स्वीकृत युवा लक्षित कार्यक्रम सञ्चालन गर्नको लागि मिति ........................ मा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये मिति मा बसेको छनौट समितीको......................... .......... बैठकबाट श्री को प्रस्ताव छनौट भएको हुंदा पशुपंक्षी ब ..............जार प्रबर्द्धन निर्देशनालय/क्षेत्रिय पशु सेवा निर्देशनालय/जिल्ला पशु सेवा कार्यालय, ...................... (यस पछि प्रथम पक्ष भनिने यस) ...........................र श्री ( कार्यक्रम संचालनका .............................. बिच तपशिल अनुसारका शर्तहरु पालना गरी ( पछी दोश्रो पक्ष भनिने /लागी द्विपक्षिय सम्झौता गरी बुझिलियौंदियौं ।

**तपशिल**

१ . प्रस्तावित टोलको .......... . वडा नं ............. .स.वि.गा .............. कार्यक्रम जिल्ला ............... सम्ममा सम्पन्न गरिनेछ । ................... भन्ने ठाउँमा मिति .................

२ . प्रथम पक्षले सुरुमा कार्यक्रम सन्चालानार्थ स्विकृत कार्यक्रम अनुसार स्वलगानीमा ५० प्रतिसत कार्य सम्पन्न गरे पश्चात पहिलो किस्ता बापतको ५० प्रतिसत रकम भुक्तानीको लागि बिल भरपाई पेश गर्नु पर्नेछ र सो अनुसार मनासिब ठहरेमा प्रथम पक्षले दोश्रो पक्षलाई पहिलो किस्ता बापतको रकम भुक्तानी दिने छ र दोश्रो किस्ता बापतको बांकी ५० प्रतिसत रकम कार्य सम्पन्न पश्चात भुक्तानी दिईने छ वा कार्य सम्पन्न भए पश्चात आवस्यक कागजातहरु पेश गरी एकमूष्ठ भुक्तानी दिन सकिनेछ ।

३ . कार्यक्रम सम्पन्न भए पश्चात नेपाल सरकारको नियमानुसार ब्यवसाय दर्ता गरी प्रमाणपत्र लिने , मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र वा स्थायि लेखा नम्बर PAN प्रमाणपत्र लिने जस्ता कार्यहरु समयमै सम्पन्न गर्नु पर्ने छ ।

४ . प्रस्तावित योजना सम्पन्न भए पश्चात मर्मत सम्भार लगाएतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी एवं दायित्व दोश्रो पक्षको हुनेछ ।

५ . प्रस्तावित कार्यक्रम स्थल ५ बर्ष अगावै सम्झौता मुताविकको भन्दा अन्यत्र सारिने छैन तथापि काबु बाहिरको अवस्थामा स्थानान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित स्विकृती अनिवार्य रुपमा लिनु पर्नेछ ।

६ . दोश्रो पक्षले कारणबस प्रस्तावित कार्यक्रम बन्द गरेमा प्रथम पक्षले उपलव्ध गराएको अनुदान रकमबाट खरिद गरिएको उपकरण फिर्ता लिन सक्नेछ ।

७ . प्रस्तावित कार्यक्रम सन्चालन गरिएको थलोमा ठेगाना तथा सहयोगी निकायको नाम उल्लेखित बोर्ड राख्ने कार्य दोश्रो पक्षले अनिवार्य गर्नेछ ।

८ . दोस्रो पक्षले नियमित रुपमा प्रगति विवरण लगायत अन् (कम्तिमा चौमासिक अवधिमा)य तथ्यांकहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

९ . सम्झौता मुताविकको कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा संझौता भंग गरी दोश्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बांकी सरह असुल उपर गर्न सक्नेछ ।

१० प्रथम पक्षको तर्फबाट कुनै पनि समयमा हुने कार्यकमको निरीक्षण ./अनुगमन, तालिम भ्रमणमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

११ सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित नियम कानुन र दुवै पक्षको आपसी सहमति अनुसार . हुनेछ ।

नोटः सम्झौताका बुंदाहरु आवश्यकता अनुसार थपघट वा परिमार्जन गर्न सकिनेछ ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फवाट | प्रथम पक्षको तर्फवाट |
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| ठेगाना | पदः |
| कार्यालयको छापः | कार्यालयको छापः |
| साक्षिः | साक्षिः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| ठेगाना | पदः |

इति सम्वत शुभम् । .......... गते रोज.......... महिना .................... साल...................

## अनुसूची –५ (क)

युवा लक्षित विशेष पशु उत्पादन  कार्यक्रम संचालनका लागि छनौट गर्दा अपनाईने (व्यावसायिक गाई भैंसी पालन)
 मूल्यांकनका आधारहरु

| क्र. सं. | द. नं. | ठेगाना | प्रस्तावित कार्य योजना (25) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता (10) | अनुभव/ तालिम (10) | पालिरहेको गाई भैंसीको संख्या (20) | घाँस विकास गरेको वा विकास गरिने जगगाको क्षेत्रफल (15) | बैदेशिक रोजगारबाट फर्केको (10) | जैविक तथा पर्यावरणीय सुरक्षा विधि (10) | कुल प्राप्तांक (100) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मूल्याङ्कन समितिका पदाधिकारीहरुको :

नाम थर :      : नाम थर

पद :      पद :

दस्तखत :      : दस्तखत

मिति :      : मिति

## अनुसूची –५ (ख)

### बाख्रापालन/कुखुरा/माछा/पाडा पालन व्यवसायको प्रस्ताव छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क्र. सं. | द. नं. | ठेगाना | कार्य योजना ( 15) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता ( 15) | शैक्षिक योग्यता ( 10) | बैदेशिक रोजगारबाट फर्केको (10)) | बाख्रापालन/कुखुरा/माछा/ पाडा पालन लन /घाँस खेतीमा तालीम प्राप्त (15) | पालिरहेको बाख्रापालन/ कुखुरा/माछा/पाडा को संख्या 15)) | घाँस खेती गरेको जग्गा /पोखरी संख्या र चरनको क्षेत्रफल (20) | कुल प्राप्तांक ( 100) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**मूल्याङ्कन समितिका पदाधिकारीहरुको**

नाम थर : : नाम थरनाम थर :

पद : : पद पद :

दस्तखत : : दस्तखतदस्तखत :

मिति : : मिति मिति :

## अनुसूची –५ (ग)

### युवा लक्षित व्यावसायिक बंगुर प्रर्वद्धन कार्यक्रम संचालनका लागि छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क्र. सं. | द. नं. | आवेदक को नाम | ठेगाना | कार्य योजना ( 25) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता ( २०) | अनुभव/ तालिम ( 20) | पालिरहेको वा व्यवसाय शुरु गर्ने खोरको अवस्था बंगुरको संख्या 25 | बैदेशिक रोजगारबाट फर्केको (10) | कुल प्रासांक ( 100) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**छनौट समितिका पदाधिकारीहरुको**

नाम थर : : नाम थरनाम थर :

पद : : पद पद :

दस्तखत : : दस्तखतदस्तखत :

मिति : : मिति मिति

१ खोरको अवस्था .– ५ अंक,

२ दाना पानीको व्यबस्थापन .– ५ अंक,

३ जैविक सुरक्षाको अवस्था .– ५ अंक र

४ बंगुरको जात र संख्या.– ५ अंक

**नोट** : १. कार्ययोजना अनिवार्य रुपमा पेश गर्नु पर्नेछ र कार्य योजनाको कार्य विभाजन जति धेरै आधुनिक,बैज्ञानिक एवंम व्यायवसायिक छन त्यसै अनुरुप २० अंक सम्म दिइनेछ ।

१. गाई र भैसी पालन फार्मलाइ टुट्टा छुट्टै गणना गरीनेछ गाइ या भैसीको बढि संख्यालाइ आधार मानेर नम्बर दिइनेछ ।

२. सकेसम्म बढि क्षेत्रफलमा उन्नत किसिमको घाँस लगाइएको फर्म वा व्यावसायलाइ बढि हैक दिइनेछ ।

३. वैदेशिक हकमा १ वर्षको २ अंकका दरले बढिमा ५ वर्ष विदेश बसेका लाइ १० अंक सम्म दिइनेछ ।

४. जैविक सुरक्षामा गोठ/खोर सुधार, मलमुत्र व्यवस्थापन, घाँस खने डुडको व्यवस्थापन, गोठ खोरको सरसफाइ आदिलाइ आधार मानेर नम्बर दिइनेछ ।

## अनुसूची –५ (घ)

**युवा लक्षित पशुपंक्षी बजार प्रर्वद्धन कार्यक्रम संचालनका लागि छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु**

| मूल्यांकनका आधारहरु/अंक | 30 | 25 | 20 | 15 | कैफियत |
|---|---|---|---|---|---|
| शैक्षिकयोग्यता | स्नातकोत्तर वा सो भन्दा बढी | स्नातक | प्रमाणपत्र तह | एस एल सी | बिदेशबाट फर्केका युवाहरुको हकमा शैक्षिक योग्यताको र बिदेश नगएका शिक्षित युवाहरुको हकमा बिदेश बसेको अबधीको नम्बर गणना गरिने छैन |
| प्रस्ताव संगमेल खाने सम्बन्धि विषयको तालिम | ६ महिना भन्दा बढीको | ३ देखि ६ महिना सम्मको | २ देखि ३ महिना सम्मको | १५ दिन देखी २ महिना सम्म | |
| बिदेश बसेको अवधी | ५ बर्ष वा सो भन्दा बढी | ३ देखि ४ बर्ष सम्म | २ देखि ३ बर्ष सम्म | १ देखि २ बर्ष सम्म | |
| प्रत्यक्ष लाभान्वित हुने संख्या | २०० परिवार भन्दा बढी | १०० देखि २०० परिवार सम्म | ५० देखि १०० सम्म | ५० सम्म | |

**नोट: परीवारका कुनै सदस्य प्रतक्ष रोजगारीमा नभइमा बढिमा १० अंक प्रदान गरीनेछ ।**

**अनुसूची – ६**

## पशु उत्पादन /(गाई भैंसी पालन)बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

१उद्यमी कृषकको .  २सञ्चालित व्यवसायको .

नाम:  नाम :

ठेगाना:  ठेगाना:

३.व.आ .  ४: प्रगति प्रतिवेदन अवधि .  चौमासिक/वार्षिक

| क्र.सं. | कार्यविवरण | लक्ष्य | प्रगति | आई परेका बाधा अड्चनहरु | आई परेका बाधा अड्चनहरु | समाधानको लागी सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति ईकाई उत्पादित पदार्थको स्थानिय बजारको बिक्रि मूल्य :

१ ............. .  ............ .२  ............. .३

युवा उद्यमीको नाम :  : दस्तखत  मिति:

ठेगाना :